# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

## पुरानो भवन लिलामको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२५

यस सुनिलस्मृति गाउँपालिका वडा नं. ४ मा अवस्थित मिझिङ आयुर्वेद औषधालयको पुरानो भवन जे जस्तो अवस्थामा छ, भत्काएर सोही भवनमा प्रयोग भएको ढुंगा स्लेट काठ फलाम लगाएताका सामान लिलाम बिक्री गर्नुपर्ने भएकोले कार्यालयले तोकेको शर्तको अधिनमा रही वोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरुवाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र रीतपूर्कको सिलबन्दी वोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

देहायः

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको नाम | न्युनतम कवोल अंक (मू.अ.क. बाहेक) | धरौट रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | 02/SQ/SSRM/2081-082 | मिझिङ आयुर्वेद औषधालयको पुरानो भवनलिलाम बिक्री | रु.४४,१३४(अक्षेरुपी चवालीस हजार एक सय चौतिस रूपैया मात्र) | कवोल अंकको ५% | रु.१०००।०० फिर्ता नहुने गरी |

नोटः ठेक्का सम्वन्धी पालना गर्नु पर्ने शर्तहरु र वोलपत्र सम्वन्धी कागजात गाउँपालिकाको राजस्व शाखाबाट तोकिएको दस्तुर बुझाएपछि प्राप्त गर्न सकिनेछ। यस सम्वन्धी विस्तृत जानकारी गाउँपालिकाको वेभसाइट www.sunilsmritimun.gov.np वाट प्राप्त गर्न सकिनेछ।

२०८१/१०/२५

(नगेन्द्र प्रसाद रिजाल)

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

लुम्बिनी प्रदेश, नेपाल

**सुनिलस्मृति गाउँपालिकाको ठेक्का नं. 02/SQ/SSRM/2081-082 को मिति २०८१/१०/२५ मा प्रकाशित पुरानो भवन लिलामको सिलबन्दी बोलपत्र सम्वन्धी शर्त तथा वन्देजहरु**

यस सुनिलस्मृति गाउँपालिका वडा नं. ४ मा अवस्थित मिझिङ आयुर्वेद औषधालयको पुरानो भवन जे जस्तो अवस्थामा छ, भत्काएर सोही भवनमा प्रयोग भएको ढुंगा स्लेट काठ फलाम लगाएताका सामान लिलाम बिक्री गर्नुपर्ने भएकोले कार्यालयले तोकेको देहायका शर्तको अधिनमा रही बोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरुवाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र रीतपूर्कको सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाता (फर्म वा कम्पनी) हरुले दर्ता प्रमाणपत्र (आ.व. २०८०/०८१ सम्म नविकरण भएको), मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र र व्यक्तिको परिचय खुल्ने कागजात (नेपाली नागरिकताको प्रमाण पत्र वा राहदानी वा सवारी चालक अनुमति पत्र) को प्रतिलिपिहरु पेश गरी सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र यसै कार्यालयको राजस्व शाखावाट खरिद गरी ८ औं दिनको दिउसो १२:०० बजे सम्म शिलबन्दी बोलपत्र दर्ता गरि सक्नु पर्नेछ। तोकिएको समयभित्र दर्ता भएका बोलपत्रहरु सोहि दिनको १:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गाउँपालिकाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ।

२. शर्त नं. १ मा उल्लेखित कागजातका अतिरिक्त वोलपत्रदाताले वोलपत्र पेश गर्दा वोलपत्र खरिद दस्तुर Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस कार्यालयको राजस्व खाता ८२०४०१००००१८ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ। साथै धरौटी रकमको हकमा बोलपत्रदाताले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने रकम Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता ८२०४०१००००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य वैंकवाट वोलपत्र नं. र नाम उल्लेख भई १२० दिनको म्याद सहित यस कार्यालयको नाममा जारी गरेको विडवण्ड पेश गर्नु पर्नेछ।

३. बोलपत्र स्वीकृत भइसके पछि सात दिन भित्र तोकिएको मूल्य दाखिला गरिसके पछि १५ दिन भित्रमा भवन भत्काई सामानहरु उठाइ लैजानु पर्नेछ ।

४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालमा रहनेछ ।

२०८१/१०/२५

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**